घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्धारा प्रकाशित

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| भाग २ | वर्ष ५ | अंक ४२ | २०७८ मंसिर १६ गते, विहिवार |


घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७८।८।०७ मा स्वीकृत भएको **घोडाघोडी नगरपालिकाको बालअधिकार समिती गठन कार्यविधि २०७८,** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना :**

नेपालको संविधान, स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२)को (१) ,बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गदै घोडाघोडी नगरपालिकाले नगरस्तरीय बालअधिकार समिती गठन गरी कार्यसञ्चालन गर्न बान्छनीय देखिएकाले घोडाघोडी नगरपालिकाको बालअधिकार समिती गठन कार्यविधि २०७८ जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भ : यस कार्यविधिको नाम**घोडाघोडी नगरपालिकाको  बालअधिकार समिती गठन कार्यविधि २०७८** रहेको छ ।.

२. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

३. विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"बालबालिका"**भन्नाले अठार वर्ष(१८) उमेर पुरा नगरेका व्यक्ति सम्झनु पर्छ ।.

(ख) **"ऐन"**भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"**भन्नाले घोडाघोडी नगरकार्यपालिका सम्झनु पर्छ ।.

(घ) **"प्रमुख"**भन्नाले घोडाघोडी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ङ) **"उप-प्रमुख"**भन्नाले घोडाघोडी नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।.

घोडाघोडी स्थानीय राजपत्र

(च) **“कार्यपालिका सदस्य’**भन्नाले घोडाघोडी नगर कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) **“प्रमुख प्रशासकीय अधिकृत”**भन्नाले घोडाघोडी नगरपालिका प्रमुखप्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज)**“शाखा”**भन्नाले घोडाघोडी नगरपालिकाको महिलाबालबालिका तथा समाजकल्याण उपशाखा सम्झनु पर्छ ।

(झ)**“समिति”**भन्नाले यस कार्यविधिअनुसार गठन भएको समिति सम्झनु पर्छ ।.

(ञ)**“बालअधिकार”**भन्नाले राष्ट्रिय र अन्तराष्ट्रिय ऐनकानुनले तोकेको बालबालिकाको अधिकार सम्झनु पर्छ

(ट) “**वडाअध्यक्ष”**भन्नाले घोडाघोडी नगरपालिका अन्तरगतका वडाहरुका अध्यक्षलाई सम्झनु पर्दछ ।.

(ठ)**“वडासदस्य”**भन्नाले घोडाघोडी नगरपालिका अन्तरगतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ड) **“सामाजिक संस्था”**भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको गैर नाफा मुलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ढ)**“निजी संस्था”**भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको नाफा मुलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ .

## परिच्छेद - २

## घोडाघोडीनगर बालअधिकार समितिको गठन तथाकाम, कर्तव्य र अधिकार

### ३. घोडाघोडी नगर बाल अधिकार समितिः

१) घोडाघोडी नगरपालिका भित्रको बालअधिकार सम्बन्धी कार्य लाई प्रभावकारी रुपमा सञ्चालन गर्न पन्ध्र सदस्य रहने गरी एक घोडाघोडी नगर बालअधिकार समिति रहनेछ। ।

**(२) समितिको गठन देहायबमोजिमहुनेछ** :-

(क) घोडाघोडी नगरपालिकाका नगर उप-प्रमुख वा निजले तोकेको नगरकार्यपालिकाको सदस्य- संयोजक

(ख) घोडाघोडी नगरपालिकाको सामाजिक विकास समिति संयोजक**-** सदस्य

(ग) घोडाघोडी नगरकार्यपालिका सदस्य मध्ये दलित, महिला सदस्य दुई जना -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य पालिकाका

(ङ) नगर शिक्षा शाखा प्रमुख तथा प्रतिनिधि- सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख- सदस्य

(छ) स्थानीय पत्रकार प्रतिनिधि - सदस्य

(ज) इलाकाप्रहरी कार्यालय सुखडका प्रतिनिधि -सदस्य

(झ) नगर प्रमुखले तोकि पठाएका नगरस्तरीय नागरिक समाजको प्रतिनिधि एक जना-सदस्य

(ञ) नगर प्रमुखले तोकि पठाएका नगर स्तरीय बालक्लबका प्रतिनिधि बालक र बालिका दुई जना- सदस्य

(ट) बालअधिकारको क्षेत्रमाकार्यरत सस्थाका प्रतिनिधि एक जना - सदस्य

(ठ) नगरपालिका स्तरीय महिला संजाल प्रमुख वा प्रतिनिधि - सदस्य

(ड) बालअधिकार हेर्ने शाखा प्रमुख सदस्य - सदस्य सचिव

**३. समितिको बैठक सम्बन्धीव्यवस्थाः**

१)अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) कम्तीमा महिनाको एक पटक बैठक बस्नेछ । समितिको सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थानतोकी बैठकमा छलफल हुने विषयसुची सहितको सुचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउँनु पर्नेछ ।.

(३) समितिकापचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) माजुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले नगर प्रमुख संग समन्वय गरी जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

धनगढी स्थानीय राजपत्र

(५) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मतदिनेछ ।

(७) समितिले आवश्यकताअनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९) समितिको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछः-**

(क) बालअधिकार सुचक फारमको आधारमा घोडाघोडी नगरपालिकाभित्रका बालबालिकाको तथ्याङ्क र सुचना संकलन गर्ने, अद्यावधिक गर्ने र आवश्यकताअनुसार वितरण गर्ने ।

(ख) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचानगर्ने अन्तरिम संरक्षण गर्ने , गराउँने ।

(ग) बालअधिकारको संरक्षण र संवर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने, गराउने ।

(घ) बालअधिकारका निमित्त विकासका साझेदार तथा जिल्ला स्तरका अन्य निकायहरु बीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमाकार्य गर्न उत्प्रेरित गर्ने ।

(ङ) बालअधिकार हनन भएका घटनाहरुका सम्बन्धमा प्राप्त जानकारी प्राप्तगर्ने र कानुनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

(च) बालसंरक्षण गर्ने, गराउँने ।

(छ) बालगृह अनुगमन, आकस्मिक सहयोग, कानुनी सहायता,अन्तरिम हेरचाह सम्बन्धी विषयमा सम्बन्धित तह, संघ संग सम्बन्ध स्थापन वा सिफारिस गर्ने ।

(ज) घोडाघोडी नगरपालिकाको क्षेत्रमा सञ्चालन भएका कार्यक्रमहरु बीच समन्वय गर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

(झ) स्थानीय संघ संस्था लाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परार्मश, सुझावदिने ।

घोडाघोडी स्थानीय राजपत्र

(ञ) संघिय र प्रदेश स्तरीय बालअधिकार समिति संग समन्वय गरी कार्यक्रमगर्ने, गराउने ।

(ट) बालगृह संचालन कार्यविधि, सडक वालवालिकाको व्यवस्थापन खर्च कार्यविधि, बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि अनुसार सेवा प्रदान गर्ने गराउने ।

(ठ) बालअधिकार सम्बन्धि वार्षिक कार्ययोजना तयार पार्ने र नगरकार्यपालिका र नगर सभामा पेश गर्ने,गराउने ।

(ड) कार्यक्रम कार्यान्वयनको प्रगति नगरकार्यपालिका बैठक र नगर सभामा पेश गर्ने ।

## परिच्छेद - ३

## वडा स्तरीय बालअधिकार समितिको गठन तथाकाम, कर्तव्य र अधिकार

**३. वडा स्तरीय बालअधिकार समिति :**

१) वडा भित्रको बालअधिकार सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा
सञ्चालन गर्न एघार सदस्य रहेका वडास्तरीय बालअधिकार समिति रहनेछ ।

(२) समितिको गठन देहायबमोजिम हुनेछ :-

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) वडा अध्यक्षले तोकि पठाएका वडा स्तरीय बालक्लबका प्रतिनिधि बालक र बालिकादुई जना - सदस्य

(घ) बालअधिकार अधिकारकर्मी वानागरिक समाजको प्रतिनिधि वडा अध्यक्षले तोकि पठाएको एक जना-सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

**४. समितिको बैठक सम्बन्धीव्यवस्था:**

१) संयोजकले तोकेको मिति,समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) कम्तीमादुई महिनाको एक पटक बैठक बस्नेछ । समितिको सचिवले समितिको बैठक बस्ने मिति,

दोडाधोडी स्थानीय राजपत्र

समय र स्थानतोकी बैठकमा छलफल हुने विषयसुची सहितको सुचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउँनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) माजुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मतदिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकायवा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछः-**

(क) बालअधिकार सुचक फारमको आधारमा वडाभित्रका बालबालिकाको तथ्याङ्क र सुचना संकलन गर्ने, अद्यावधिकगर्ने ।

(ख) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने सिफारिस गर्ने ।

(ग) बालअधिकारको संरक्षण र संवर्द्धनका निमित्त चेतना अभिवृद्धि, जागरण सिर्जना गर्ने, गराउने ।

(घ) बालअधिकार हनन भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्तगर्ने र कानुनी कारबाहीमा आवश्यक सहयोग गर्ने ।

(ङ) वडा स्तरमा सञ्चालन भएका कार्यक्रमहरु बीच समन्वयगर्ने र कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।

(च) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमाकार्य गर्न उत्प्रेरित गर्ने कार्यक्रमको संचालन

दोडाधोडी स्थानीय राजपत्र

गर्नको लागि आवश्यक परार्मश, सुझावदिने ।

(छ) बालअधिकार सम्बन्धि वार्षिक कार्ययोजना तयार पार्ने र नगरकार्यपालिका पेश गर्ने ।

(ज) कार्यक्रम कार्यान्वयनको प्रगति नगरकार्यपालिका बैठकमा पेश गर्ने ।

## परिच्छेद - ४
## विविध

६. यस अघि भए गरेका बालअधिकार सम्बन्धी कामकार्बाही यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र